बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

२०८३/८४
पत्र सङ्ख्या :-
चलानी नं. :- 3

मितिः- २०८३।०४।०१

विषयः सचिव बैठकको निर्णय पठाइएको।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै)
बागमती प्रदेश, हेटौंडा।

प्रस्तुत विषयमा मिति २०८३।०३।३२ गतेका दिन श्रीमान् प्रमुख सचिवज्यूको अध्यक्षतामा बसेको सचिव बैठकको निर्णयको प्रतिलिपि यसैसाथ संलग्न राखी जानकारी एवम् आवश्यक कार्यार्थ पठाइएको ब्यहोरा निर्देशनानुसार अनुरोध छ।

२०८३।०४।०१
(तीर्थराज घिमिरे)
शाखा अधिकृत

बोधार्थः
श्री श्रीमान प्रमुख सचिवज्यूको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेवसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np

# बागमती प्रदेश सरकार
# हेटौंडा, नेपाल

मितिः २०८३/०३/३२

बैठक सङ्ख्याः१० (२०८२/८३)

<u>सचिव बैठकका निर्णयहरू</u>

१) भाद्र २३ र २४ को आन्दोलनको क्रममा जलेर नष्ट भएका भएका कार्यालय समान, सवारी साधन, उपकरणको लिलाम तथा मिन्हा गर्ने कार्य यहि श्रावण १० गतेभित्र सम्पन्न हुनेगरी आवश्यक प्रक्रिया अगाडि बढाउने,

२) प्रदेश सरकार (म.प.) को मिति २०८३/०१/२२ को निर्णय बमोजिम २०८३/०४/०१ देखि लागु हुने गरी कायम भएका आठ वटा मन्त्रालय (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत) र मातहतमा रहने सङ्गठन तथा दरबन्दी यकिन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नेः-

क) मन्त्रालय र मातहतका निकायको सङ्गठन तथा दरबन्दी प्रस्ताव गरी श्रावण १० गते अगावै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने, साथै नयाँ संगठन संरचना एवम् दरबन्दी स्वीकृति, पद दर्ता तथा कर्मचारी पदस्थापनको सबै कार्य श्रावण मसान्त भित्र पुरा गर्ने/गराउने।

ख) सङ्गठन तथा दरबन्दी विवरण स्वीकृत भई सरुवा/पदस्थापन नभएसम्म हाल कार्यरत रहेकै निकायमा कर्मचारीलाई हाजिरी हुने र नियमित कार्यहरू गर्ने/गराउने व्यवस्था मिलाउने,

ग) जिन्सी सामानको हकमा साविक मन्त्रालयको PAMS बाट हस्तान्तरण गरी अब कायम हुने मन्त्रालयको PAMS मा आम्दानी बाँधी सोही मन्त्रालयको नाममा लगत कायम गर्ने,

घ) साबिक मन्त्रालयको दायित्व कार्य विभाजन नियमावली बमोजिम उक्त कार्य जुन मन्त्रालयमा सरेको छ सोही मन्त्रालयले गर्ने व्यवस्था सम्बन्धित सचिवहरूले मिलाउने,

ङ) २०८३/०४/०१ देखि लागू हुने गरी मन्त्रालय र मातहतका कार्यालयले नयाँ लेटर हेड र स्टयाम्प प्रयोग गर्ने/गराउने,

च) अब कायम हुने मन्त्रालयहरूको कार्यालय रहने भवन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको सम्पती व्यवस्थापन समितिले टुङ्गो लगाउने।

३) लेखा परीक्षण तथा बेरुजु सम्बन्धमा देहाय बमोजिम गर्ने/ गराउनेः

क) आ.व. २०८२/८३ मा भएको आर्थिक कारोवारको वार्षिक आर्थिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी २०८३ श्रावण मसान्तभित्र आन्तरिक लेखापरीक्षण गर्ने/गराउने,

ख) आ.ले.प सम्पन्न भएका लेखा श्रेस्ता एवं अन्य दायित्व विवरण लगायत श्रेस्ता कागजातहरू खारेज/ गाभिए पश्चायत कायम हुने मन्त्रालय/निकायमा विधिवत हस्तान्तरण गर्ने,

ग) विगतमा सञ्चालनमा आई हाल अस्तित्वमा नरहेका मन्त्रालय/कार्यालयहरुको खर्च भएर नजाने सम्पत्तिहरु हाल जुन कार्यालयले उपयोग गरी रहेको छ, सोही कार्यालयको नाममा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS-V२) मा समेत हस्तान्तरण गरी व्यवस्थापन गर्ने।

४) यस पूर्व सचिव बैठकबाट भएको निर्णयहरू अध्ययन गरी कार्यान्वयन गर्न बाँकी कुनै विषय भए कार्यान्वयन गर्ने/गराउने।

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, मकवानपुर, नेपाल

प्रमुख सचिव